जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः २३ पृष्ठः ४ | २०८३ बैशाख २९ मंगलबार (Tuesday 11 May 2026) | मूल्य रु. ५/- | इमेल : mgnd2070@gmail.com

## तीन दिनदेखि हराईरहेका तीन वर्षीय बालकको क्षतविक्षत भएको शव भेटियो

सिरहा, २८ बैशाख। सिरहाको बरियारपट्टी गाउँपालिका ४ सोहपुरबाट गत शुक्रवारदेखि हराईरहेका बालको शव घरदेखि करिव पाँचसय मिटर पर फेला परेको छ। शुक्रबार अपरान्ह करिव २ बजेदेखि हराईरहेका ३ वर्षीय बालक अभियांशुकुमार यादवको शव सोमबार अपरान्ह जंगली जनावरले लुछेको अवस्थामा फेला परेको हो।



घरबाट करिब ५० मिटर उत्तरतर्फ रहेको पोखरीमा डुवेको हुनसक्ने आशंकामा तीन दिनदेखि स्थानीय माछामार्ने माझीमार्फत जाल लगाएर खोजी गरेका थिए। उनीहरुले फेला पार्न नसकेपछि सोमबार सशस्त्र प्रहरीको बर्दिवासस्थित बाहिनीबाट गोताखोर टोली परिचालन खोजिगर्दा समेत नभेटेपछि पोखरी वरपर खोजि गर्दा फेला परेको वडा अध्यक्ष नविन कुमार यादवले जानकारी दिए।

उनले भने, 'हामीले पनि दुई दिनदेखि जाल लगाएर खोजी गयौं, सोमबार पनि प्रहरीको गोताखोरले खोजिगर्नुभयो। नभेटिएपछि सवैले पोखरीको डीलहरुमा खोजिगदाए पोखरीभन्दा करिव ५० मिटरको दुरीमा अर्को पोखरीको डिलमा बालको शव फेला परेको हो।' गोताखेरले खोज्दा समेत नभेटिएपछि स्थानीय पोखरी वरपर खोज्ने क्रममा गन्ध आएपछि मानिस त्यसतर्फ खोज्न गएका थिए। त्यहाँ पुग्दा शव छतविछ भएको अवस्थामा भेटिएको छ। श्वको कम्मरमुनिको भाग, एउटा हात जङ्गली जनाबरले लुछेको जस्तो देखिएको वडा अध्यक्ष यादवले जानकारी दिए।

लक्ष्मीपुर पतारी गाउँपालिका १ नवटोली घर भएका भोगेन्द्र यादवका छोरा अभियांशु केही समयदेखि आमासँग मामाघरमा बस्दै आएका थिए। उनको बुवा बैदेशिक रोजगारीमा छन्। प्रहरीले शव फेला परेको बताउँदै घटना मुचुल्का लिने कार्य आरम्भ भएका बताए। जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी रमेश बहादुर पालले शव फेला परेको र त्यसको प्रकृति मुचुल्का लिने कार्य भईहेको बताए। उनले अहिले नै घटनाको बारेमा केही बताउन नसकिने भन्दै अनुसन्धान भईरहेको जानकारी दिए।

### सिरहामा गोली प्रहारका दुई घटना :

## रिसइबी साँध्न गरिएको थियो भारतीय 'सुटर'को प्रयोग



**विनय आजाद**

सिरहा, २८ वैशाख। यहाँका ४२ वर्षीय प्रेमनाथ यादवको भारतीय सुटरको प्रयोग गरी योजनाबद्ध तरिकाले हत्या भएको खुलेको छ। प्रहरीले तीन महिना लामो अनुसन्धानपछि सिरहा नगरपालिका–१ का यादवको हत्या भारतीय सुटरको प्रयोग गरी भएको पत्ता लगाएको हो। यादवको गत माघ १६ गते दिउँसो सिरहा नगरपालिका–७ स्थित आफ्नै खेत छेउको बाँधासारीमा गोली प्रहार गरी हत्या भएको थियो। त्यसपछि अनुसन्धान गर्दै जाँदा स्थानीय ५२ वर्षीय उपेन्द्र यादवले पारिवारिक रिसइबीका कारण उनको हत्या गराएको खुलेको प्रहरीले जनाएको छ।

अनुसन्धानका क्रममा उपेन्द्रले प्रेमनाथको परिवारसँग आफ्नो चार वर्षदेखि विवाद रहेको र यसैकारण भारतीय सुटरलाई 'सुपारी' दिई उनको हत्या गराएको बयान दिएका छन्। यसबापत उपेन्द्रले सुटरलाई तीन लाख रुपैयाँ दिने डिल भएकामा एक लाख तत्काल दिएको र दुई लाख दिन बाँकी रहेको उनले बताए। उपेन्द्रमाथि कर्तव्य ज्यान शीर्षकमा जाहेरी दर्ता गरी सिरहा जिल्ला अदालतबाट पाँच दिनको म्याद लिएर थप अनुसन्धान कार्य गरिरहेको सिरहाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक बासुदेव पाठकले जनाए। प्रहरी उपरीक्षक पाठकका

**–बाँकी तीन पेजमा**

एक छिनको लापरबाही, बन्न सक्छ ठूलो तबाही। पहिल्यै सोचौं, होऔं सावधान, आगलागीबाट जोगाऔं घरपरिवार।

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम

**सम्पदा जोगाऔं, पहिचान बचाऔं।**

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं।
- सम्पदा क्षेत्रमा फोहोर नगरौं।
- पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुऱ्याऔं।
- स्थानीय संस्कृति, परम्परा र मूल्य–मान्यताको सम्मान गरौं।
- सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं।
- पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं।
- पुराना सम्पदाहरूको मर्मत सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं।

**सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## विद्युतका प्रमुख विरुद्ध मुद्दा दायर

काठमाडौँ, २८ वैशाख। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल विद्युत् प्राधिकरण, कञ्चनपुर वितरण केन्द्र सप्तरीका प्रमुख महेन्द्रकुमार दासविरुद्ध विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरेको छ। चार्जिङ स्टेसनको ट्रान्सफर्मर राखी विद्युत् लाइन जडान गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस लिएको पुष्टि भएपछि आयोगले सोमबार मुद्दा दायर गरेको हो।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार वितरण केन्द्रका प्रमुख दासले चार्जिङ स्टेसन सञ्चालनका लागि विद्युत् लाइन छाडिदिन बार्गेनिङ गरिरहेको र घुस नदिए लाइन काटिदिने धम्की दिएको उजुरी परेको थियो। सोही सूचनाका आधारमा अख्तियारको इटहरी कार्यालयबाट खटिएको टोलीले उहाँलाई सेवाग्राहीबाट एक लाख ४० हजार रुपियाँ घुस लिइसकेको अवस्थामा रकमसहित नियन्त्रणमा

**–बाँकी तीन पेजमा**

# सम्पादकीय

## 'बजार सुशासन' नारामात्रै नहोस् !

सरकारले सोमबार (सोमवार)देखि 'मूल्य पारदर्शिता सप्ताह' सुरु गरेको छ। बजारमा कृत्रिम मूल्यवृद्धि, उपभोक्ता ठगी र अनियमितता नियन्त्रण गर्ने उद्देश्यसहित ल्याइएको यस अभियानले कम्तीमा एउटा सकारात्मक सन्देश दिएको छ—सरकारले बजारको समस्या देखेको छ। यतिबेला दैनिक उपभोग्य वस्तुको मूल्य निरन्तर बढिरहेको छ। तरकारी, दाल, खानेतेल, ग्यासदेखि यातायातसम्म महँगो भएको अनुभव जनसाधारणले गरिरहेका छन्। स्थिर आम्दानी भएका र दैनिक ज्यालादारीमा निर्भर परिवारलाई यसले झन् ठूलो मार पारेको छ। यस्तो अवस्थामा बजार पारदर्शिता र मूल्य अनुशासनको प्रश्न आर्थिक विषयमात्र नभएर सामाजिक न्यायसँग पनि जोडिएको हुन्छ।

नेपालमा मूल्यसूची राख्ने वा बजार अनुगमन गर्ने अभ्यास भने नयाँ होइन। विगतमा पनि सरकारले चाडपर्वका बेला वस्तुको मूल्य टाँस्न निर्देशन दिने र अनुगमन अभियान चलाउने गरेको हो। तर, त्यस्ता अभियान धेरैजसो औपचारिकतामै सीमित भए। कतिपय अवस्थामा अनुगमनलाई उपभोक्ता हितभन्दा बढी "असुली धन्दा"का रूपमा हेर्ने प्रवृत्तिसमेत देखियो। व्यापार हुने समयमा कर्मचारीले पसल बन्द गराउने, सामान्य त्रुटिलाई पनि दबाबको माध्यम बनाउनेजस्ता गुनासा व्यापक थिए। त्यसले बजारमा अनुशासनभन्दा बढी सरकारी संयन्त्रमाथि नै अविश्वास बढायो।

यसपटक भने सरकारले 'विशेष अभियान'कै रूपमा 'मूल्य पारदर्शिता सप्ताह' मनाउन खोजेको देखिन्छ। यसले मूल्यसूची अनिवार्य गर्ने, उपभोक्तालाई स्पष्ट जानकारी दिने र जथाभावी मूल्य असुल्ने प्रवृत्तिमा नियन्त्रण गर्ने वातावरण बनायो भने यसको सकारात्मक प्रभाव पक्कै पर्नेछ। तर, यस्ता अभियान सप्ताहव्यापी कार्यक्रममै सीमित हुनुहुँदैन। बजार अनुगमन चाडबाड वा संकटका बेलामा मात्र होइन नियमित र संस्थागत हुनुपर्छ। यसका लागि डिजिटल मूल्यसूची प्रणाली, स्थानीय तहमा उपभोक्ता गुनासो संयन्त्र र नियमित सार्वजनिक प्रतिवेदनजस्ता उपाय प्रभावकारी हुन सक्छन्। उपभोक्ताले मोबाइलबाटै वस्तुको अधिकतम खुद्रा मूल्य हेर्न सक्ने व्यवस्था भए बजार पारदर्शिता स्वतः बढ्छ।

तर, पारदर्शिता बजारमा मात्र खोजेर पुग्दैन। पारदर्शिता र जवाफदेही सुशासनका आधारभूत तत्त्व हुन् जुन शासनतन्त्रमा पनि समानरूपमा लागु हुनुपर्छ। नागरिकले सोमबार बजारको मात्र होइन, सरकारकै निर्णय प्रक्रिया नियालिरहेका छन्। मन्त्रिपरिषद्का निर्णय, सांसदहरूको व्यवहार, नियुक्ति प्रक्रिया र कानुन निर्माण शैली सबैमाथि सार्वजनिक चासो बढेको छ।

विशेषगरी पछिल्लो समय सरकारले रातारात अध्यादेश जारी गरेपछि सरकारको कार्यशैलीमाथि प्रश्न उठेको छ। दुई तिहाई नजिकको बहुमत भएको सरकारले संसद्मा विस्तृत छलफल गराएर विधेयक पारित गर्न सक्ने अवस्थामा पनि अध्यादेशको बाटो रोज्नु स्वाभाविक रूपमा शंकाको विषय बनेको हो। सरकारले संसद्मै विधेयक प्रस्तुत गरेर प्रत्येक व्यवस्थाको औचित्यमाथि खुला बहस गराएको भए त्यो लोकतान्त्रिक पारदर्शिताको सशक्त उदाहरण बन्न सक्थ्यो।


पारदर्शिताको संस्कार माथिल्लो तहबाट सुरु हुन्छ। शासनतन्त्रका प्रमुख पात्रहरू जवाफदेही भए समाजका अन्य क्षेत्र पनि त्यसबाट प्रभावित हुन्छन्। उल्टो, राज्यका उच्च तहकै निर्णय अपारदर्शी देखिए नागरिकमा शंका, अविश्वास र असन्तोष बढ्दै जान्छ। इतिहासले देखाएको छ—जब शासनप्रति अविश्वास गहिरिन्छ त्यसले अन्ततः विद्रोहको वातावरण पनि निर्माण गर्न सक्छ। हालैको राजनीतिक परिवर्तनपछि शासनमा पुगेका नयाँ पुस्ताका प्रतिनिधिहरूले यो यथार्थ बुझ्नुपर्छ। जनताले उनीहरूबाट अनुहारमात्र होइन नयाँ राजनीतिक संस्कार पनि अपेक्षा गरेका छन्। त्यसैले राज्यबाट हुने सबै निर्णय पारदर्शी, औचित्यपूर्ण र सार्वजनिक परीक्षण सहनसक्ने हुनुपर्छ।

विशेषगरी सार्वजनिक नियुक्तिमा पारदर्शिता अत्यन्त महत्वपूर्ण हुन्छ। क्षमता, योग्यता र प्रतिस्पर्धाका आधारमा नियुक्ति भएको सन्देश गए सरकारप्रति विश्वास बढ्छ। तर, अध्यादेशमार्फत हटाइएका सयौँ पदमा फेरि "आफ्ना मान्छे" भर्ती गरिएको अनुभूति भयो भने सरकारमाथि झन् ठूलो प्रश्न उठ्नेछ। नेपालमा धेरैपटक आसेपासेवाद र अपारदर्शी नियुक्तिकै कारण संस्थाप्रति अविश्वास बढेको इतिहास छ। राज्य र त्यसका प्रतिनिधिहरू निरन्तर पारदर्शी र जवाफदेही बन्न सके त्यो क्रमशः संस्कृतिका रूपमा विकास हुन्छ। बजारलाई पारदर्शी बनाउने अभियानले उपभोक्तालाई केही सहुलियत दिन सक्छ। तर, सुशासनको वास्तविक अर्थ बजारदेखि मन्त्रिपरिषद्सम्म एउटै मापदण्ड लागु हुनु हो।

उपभोक्ता अधिकार र बजार अनुशासन एकअर्काका विरोधी नभएर परिपूरक हुन्। पारदर्शी, प्रतिस्पर्धी र जिम्मेवार बजार निर्माण गर्न सकेमात्र महँगीको मार खेपिरहेका नागरिकले केही सुविधाको अनुभूति गर्न सक्नेछन्। सरकारले खुला बजारको मर्म, उपभोक्ताको अधिकार र लोकतान्त्रिक पारदर्शितालाई सँगसँगै अघि बढाउन सकेमात्र 'बजार सुशासन' व्यवहारमा रूपान्तरण हुनेछ।

# भारतीय फूलले मधेसमा माली समुदायको पुख्र्यौली पेसा संकटमा

**नवीन प्रियदर्शी**



जनकपुरधाम, २८ बैशाख। धनुषाको जनकपुरधाम उपमहानगरपालिका २०, रुपैठाका ७८ वर्षीय पुनित भण्डारी छ पिँढीदेखि चल्दै आएको पुख्र्यौली पेसा फूलखेतीलाई सोमबारसम्म निरन्तरता दिइरहेका छन्। उमेरले वृद्ध भए पनि उनको मेहनत र लगाव अझै उस्तै छ। बिहान सबेरै खेतमा पुग्ने र बेलुकासम्म फूलखेतीमै व्यस्त रहने पुनितका लागि यो खेती केवल आम्दानीको माध्यम मात्र होइन, पुर्खाको नासो पनि हो।

उनका पाँच छोरा छन्। चार जना अन्य पेसा र व्यवसायमा लागेका छन् भने कान्छा छोरा लक्ष्मी भण्डारीले बुबाको बाटो पछ्याउँदै फूलखेतीलाई निरन्तरता दिइरहेका छन्। लक्ष्मी अहिले तीन सन्तानको जिम्मेवारी यही खेतीको आम्दानीबाट उठाइरहेका छन्। लक्ष्मी भन्छन्, 'एसएलसी पास गरेपछि केही वर्ष विदेश गएँ। तर, विदेशको कमाइले मन सन्तुष्ट भएन। आफ्नै गाउँ-समाज र माटोमा फर्किएर पुर्खाको पेसा अँगाल्दा छुट्टै अपनत्व महसुस भयो।'

उनका अनुसार फूलखेती उनीहरूको परिवारको मात्र नभई समग्र माली समुदायको पहिचानसँग जोडिएको पेसा हो। मिथिलाञ्चल क्षेत्रमा माली समुदायले उत्पादन गरेको फूललाई धार्मिक रूपमा अत्यन्त पवित्र मानिन्छ। विवाह, मुण्डन, व्रतबन्ध, श्राद्ध, पूजापाठ र विभिन्न चाडपर्वमा मालीकै हातबाट उनेको फूलको माला प्रयोग गर्ने परम्परा अहिले पनि कायम छ।

पुनित भण्डारी भन्छन्, 'हाम्रा बाजे-बराजुले यही काम गर्दै आए। अहिले हामी पनि यही पेसामा छौँ। यो हाम्रो जीवन र संस्कारसँग जोडिएको कर्म हो।' लक्ष्मी अहिले डेढ बिघा जग्गा भाडामा लिएर फूलखेती गरिरहेका छन्। उनी बिहान पाँच घण्टा र साँझ चार घण्टा खेतमै खटिन्छन्। खेतीमा हप्तामा दुईपटक मल हाल्ने, झार उखेल्ने, फूल मिलाउने र बिरुवाको हेरचाह गर्ने काम नियमित गर्नुपर्छ।

'फूलखेती सजिलो छैन, धान वा तरकारी खेतीभन्दा धेरै मेहनत लाग्छ,' लक्ष्मी भन्छन्, 'मौसम, सिँचाइ, मल, मजदुर र सुरक्षा सबैको उचित व्यवस्थापन गर्नुपर्छ। थोरै मात्र ध्यान नपुग्दा पनि उत्पादनमा ह्रास आउँछ। घाम, पानी र हेरचाह सबै समयमै हुनुपर्छ।' एक सिजनमा डेढ बिघामा फूलखेती गर्न करिब साढे दुई लाख रुपैयाँ खर्च हुने उनी बताउँछन्। बिउ, मल, मजदुर, सिँचाइ र जग्गाको भाडा सबै जोड्दा लागत उच्च हुन्छ, तर आम्दानी भने अपेक्षा अनुसार छैन। एक सिजनमा बल्लतल्ल डेढदेखि दुई लाख रुपैयाँसम्म नाफा हुने उनी बताउँछन्। त्यो पनि बजार राम्रो भयो भने मात्र सम्भव छ।

लक्ष्मी गुनासो गर्छन्, 'हामीले व्यापारीलाई एउटा माला २० देखि २५ रुपैयाँमा दिन्छौँ, तर बजारमा त्यही माला ५० देखि ८० रुपैयाँसम्ममा बिक्री हुन्छ। यसले किसानले पसिनाको मूल्य नपाइरहेको र बिचौलियाले फाइदा उठाइरहेको प्रस्ट पार्छ।' जनकपुरधाममा दैनिक करिब १२ हजारसम्म फूलको माला बिक्री हुने गरेको अनुमान छ। विवाह, पूजापाठ, धार्मिक कार्यक्रम र चाडपर्वका कारण फूलको माग उच्च हुन्छ। तर, त्यो विशाल बजारमा स्थानीय किसानले अपेक्षित स्थान पाउन सकेका छैनन्।

कृषकहरूको एउटै स्वर छ– स्थानीय फूलले बजार नपाउनुको मुख्य कारण भारतबाट आउने सस्तो फूल हो। सीमावर्ती क्षेत्रबाट सस्तो मूल्यमा भारतीय माला भित्रिँदा स्थानीय उत्पादनले प्रतिस्पर्धा गर्न नसकेको उनीहरू बताउँछन्। 'हामी धेरै मेहनत गरेर फूल फुलाउँछौँ। तर, भारतबाट सस्तोमा माला आउँछ र व्यापारीहरू त्यही लैजान्छन्। कुनै कारणले भारतबाट फूल नआउँदा मात्र उनीहरू हामीकहाँ आउँछन्,' किसानहरू भन्छन्। नेपालमा फूल आयातमा कडा भन्सार व्यवस्था नहुँदा खुला सिमानाको फाइदा उठाउँदै चोरी–निकासीमार्फत फूल र माला भित्रिने क्रम रोकिएको छैन। यसको प्रत्यक्ष मारमा स्थानीय किसान परेका छन्।

विशेषगरी वैशाखदेखि साउनसम्म र असोजदेखि मंसिर महिनामा फूलको माग अत्यधिक हुन्छ। विवाहको लगन, चाडपर्व र धार्मिक अनुष्ठानले बजार चलायमान गराउँछ। पहिला मुस्लिम समुदायमा फूलको प्रयोग कम हुने गरेको भए पनि पछिल्लो समय बिहे र जलसाहरूमा फूलको प्रयोग बढेको किसानहरू बताउँछन्। यसले समग्र माग त बढाएको छ, तर बजार स्थानीय किसानको पकडमा छैन।

लक्ष्मीका अनुसार, उनीहरूले विशेषगरी हजारी, कलकतिया, चाइना, चेरी र सेतो जातका फूलहरू लगाउने गर्छन्। फूलखेतीको प्रक्रिया निकै झन्झटिलो छ। खेत तयार गर्नुअघि पाँचपटकसम्म जोत्नुपर्छ। पर्याप्त मलखाद हालेर माटो तयार पारेपछि सिँचाइ गरी खेतलाई रोपाइँयोग्य बनाइन्छ। बिरुवा रोपेको करिब ४० दिनपछि फूल फुल्न थाल्छ। एउटा बिरुवाले करिब छ महिनासम्म उत्पादन दिन्छ। सुरुमा फूलको आकार ठुलो हुन्छ भने समय बित्दै जाँदा आकार सानो हुँदै जान्छ।

अहिले 'अफ-सिजन' भएकाले किसानहरू नयाँ सिजनको तयारीमा जुटेका छन्। तर, समयमा रासायनिक मल नपाउनु, सिँचाइको अभाव र मजदुरको समस्या उनीहरूका लागि टाउको दुखाइको विषय बनेको छ। रुपैठा क्षेत्रमा मात्रै माली समुदायले २५ देखि ३० बिघा क्षेत्रफलमा फूलखेती गर्दै आएका छन्। यो क्षेत्र फूल उत्पादनको केन्द्र नै बन्दै गएको छ। यहाँ सबैभन्दा धेरै क्षेत्रफल करिब सात बिघामा फूलखेती गर्ने किसान राजकुमार भण्डारी हुन्। उनी आफ्ना उत्पादन काठमाडौँलगायत नेपालका अन्य प्रमुख सहरहरूमा पनि पठाउँछन्।

'बजार त पाइन्छ, तर लागतअनुसार मुनाफा हुँदैन। मेहनत धेरै छ, कमाइ कम छ,' राजकुमार भन्छन्। उनका अनुसार खेतीमा मजदुरको अभावले काम गर्न निकै कठिन भइरहेको छ। समयमा मजदुर नपाउँदा उत्पादनमा प्रत्यक्ष असर पर्छ। मल र सिँचाइको समस्या पनि उस्तै छ। साथै, सुरक्षा अर्को ठूलो चुनौती हो। खेतबाटै फूल चोरी हुने र बोटबिरुवा नष्ट गरिदिने डरले रातदिन रेखदेख गर्नुपर्ने बाध्यता छ। 'खेती गरेर मात्र पुग्दैन, त्यसलाई जोगाउन पनि उत्तिकै पसिना बगाउनुपर्छ,' उनी भन्छन्।

पुनित भण्डारीका अनुसार, सरकारले फूलखेतीलाई कहिल्यै प्राथमिकतामा राखेको छैन। 'हामीले अहिलेसम्म न कुनै अनुदान पाएका छौँ, न त तालिम नै। सरकारले यो पेसाको महत्त्व बुझिदिनुपर्छ,' उनी भन्छन्। सरकारले आधुनिक तालिम, उन्नत प्रविधि र बजारीकरणमा सहयोग गरिदिने हो भने फूलखेतीबाट राम्रो आम्दानी गर्न सकिने किसानहरूको विश्वास छ।

फूलखेती केवल जीविकोपार्जनको माध्यम मात्र होइन, यो मधेसको संस्कृति र परम्परासँग जोडिएको पेसा हो। मधेस प्रदेशका धनुषा, महोत्तरी, सिराहा, सप्तरी, सर्लाही लगायतका जिल्लामा माली समुदायले अझै पनि यो पेसालाई धानिरहेका छन्। तर, व्यवस्थित बजार नहुनु, सरकारी बेवास्ता, भारतीय उत्पादनसँगको अस्वस्थ प्रतिस्पर्धा र बढ्दो उत्पादन लागतले यो पुख्र्यौली पेसा गम्भीर संकटमा परेको छ।

'यदि सरकारले सीमा क्षेत्रमा कडाइ गरी चोरी–निकासी रोक्ने, अनुदान र तालिमको व्यवस्था गर्ने हो भने फूलखेतीबाटै मनग्य आम्दानी गर्न सम्भव छ,' लक्ष्मी भन्छन्, 'हामी खेती गर्न र पसिना बगाउन तयार छौँ। तर, हाम्रो उत्पादनको सम्मान र उचित मूल्य पाउनुपर्छ।'

पुनित भण्डारीको एउटै सपना छ– आफ्ना सन्तान र आउने नयाँ पुस्ताले पनि यो पेसालाई गर्वका साथ निरन्तरता दिऊन्। तर, त्यसका लागि बजारको सुनिश्चितता, राज्यको संरक्षण र साथ अनिवार्य देखिन्छ। छ पिँढीदेखि जोगिँदै आएको यो पुख्र्यौली पेसा अहिले दोबाटोमा छ। समयमै राज्यको ध्यान नपुग्ने हो भने माली समुदायको पहिचान बोकेको फूलखेती बिस्तारै इतिहासको पानामा सीमित हुने खतरा बढ्दै गएको छ।

# 'ड्रोन' तथा 'नाइटभिजन क्यामेरा'मार्फत आपराधिक गतिविधि नियन्त्रण गरिने

काठमाडौँ, २८ वैशाख। सरकारले 'ड्रोन' तथा 'नाइटभिजन क्यामेरा' प्रयोग गरी आपराधिक गतिविधि नियन्त्रण गर्ने भएको छ। सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकलाई सोमबार सम्बोधन गर्दै राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रस्तुत नीति तथा कार्यक्रममा सीमा नाकामा अनुहार पहिचान प्रणाली स्थापना गरिने उल्लेख छ। यस्तै, एकीकृत सीमा व्यवस्थापन सूचना प्रणाली र स्वचालित निगरानी पूर्वाधार स्थापना गरिने नीति तथा कार्यक्रममा समावेश छ। साथै, सशस्त्र प्रहरी बल नेपाललाई प्रशिक्षित जनशक्ति र पूर्वाधारसहित विशिष्टकृत सुरक्षा बलका रूपमा विकास गरिने सरकारको सङ्कल्प छ।

यस्तै, सीमा क्षेत्र विकास कार्यक्रममार्फत नागरिक–सुरक्षा सम्बन्ध सुदृढ बनाइने र सीमा विवादको समाधान कूटनीतिक

**–बाँकी तीन पेजमा**

## *'ड्रोन' तथा ...*

संवादबाट खोजिने उल्लेख गरिएको छ। बृहत् राष्ट्रिय हितको संरक्षणका लागि सुरक्षासम्बन्धी नीति तथा कानुनको व्यावसायिक परिमार्जन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

**सुरक्षा क्षेत्रमा बाह्य निर्भरता कम गरिने**

यसैगरी, सरकारले सुरक्षा क्षेत्रमा हुँदै आइरहेको बाह्य निर्भरता कम गर्ने सङ्कल्प लिएको छ। प्रस्तुत नीति तथा कार्यक्रममा नेपाली सेनालगायत सुरक्षा निकायको बन्दोवस्ती तथा आवश्यक सामग्री स्वदेशमै उत्पादन गर्ने व्यवस्था मिलाइने उल्लेख छ। "सुरक्षा जनशक्तिको तालिम र रणनीतिक दक्षता विकासमार्फत व्यावसायिकता अभिवृद्धि गरिनेछ। राष्ट्रिय सेवा दललाई सुदृढ गरिनेछ", सम्बोधनमा राष्ट्रपति पौडेलले भन्नुभयो। ठूला विकास आयोजनाको विस्तृत परियोजना अध्ययन गर्दा राष्ट्रिय सुरक्षामा पर्न सक्ने प्रभावको समेत मूल्याङ्कनलाई अनिवार्य गरिने नीति कार्यक्रममा जनाइएको छ।

## *सिरहामा गोली ...*

अनुसार घटनामा संलग्न अन्य भारतीय व्यक्तिहरूको भने खोजतलास भइरहेको छ।

यस्तै, यस घटनाको अनुसन्धानकै सिलसिलामा प्रहरीले अर्को गोली प्रहारका घटना पनि पत्ता लगाएको छ। औरही गाउँपालिका-५ का श्यामसुन्दर शर्माको पनि सोही सुटरद्वारा हत्या प्रयास भएको प्रहरी अनुसन्धानबाट खुलेको हो। गत माघ ४ गते गाउँमै रहेको जितिया मन्दिरमा चुकुल लगाई सुतिरहेका बेला राति १२ बजेतिर श्यामसुन्दरमाथि गोली प्रहार भएको थियो। भ्यालबाट प्रहार गरिएको गोली उनको टाउकोमा लागेको थियो।

विराटनगरस्थित अस्पतालमा उनको गोली निकालिएको थियो भने उपचारपछि अहिले उनी निको भएका छन्। स्थानीय ५५ वर्षीय हरि ठाकुरले आफ्नो पारिवारिक रिसइबी साँध्न ती भारतीय सुटरलाई ५० हजार रुपैयाँ दिई ज्यान मार्ने उद्देश्यले गोली प्रहार गराएको तथ्य प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

हरिसहित भारतीय सुटर र उनीहरूलाई ती सुटरसँग जोड्न भूमिका खेल्ने व्यक्तिको पनि खोजी कार्य भइरहेको प्रहरी उपरीक्षक पाठकले जानकारी दिए।

## *विद्युतका प्रमुख...*

लिएको थियो।

अनुसन्धानका क्रममा दासले नियमानुसार सम्पन्न भइसकेको कार्यका लागि घुस मागेको र रकम लिएको तथ्य स्थापित भएको अख्तियारले जनाएको छ। उहाँलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा एक लाख ४० हजार रुपियाँ बिगो कायम गरिएको छ। अख्तियारले बिगोबमोजिम जरिवाना र कैद सजायको मागदाबीसहित विशेष अदालतमा आरोपपत्र दायर गरेको हो।

# विपद्‌बाट यसवर्ष १९ लाख बढी प्रभावित हुन सक्ने अनुमान

काठमाडौँ, २८ वैशाख। यसवर्षको मनसुन अवधिमा देशभर औसतभन्दा कम वर्षा हुने सम्भावना रहे पनि तापक्रम वृद्धि र चरम मौसमी घटनाका कारण मनसुनजन्य विपद्‌को जोखिम उच्च रहने आकलन गरिएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सोमबार सार्वजनिक गरेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८३ को मस्यौदामा १९ लाखभन्दा बढी जनसङ्ख्या प्रभावित हुन सक्ने अनुमान गरिएको हो। मस्यौदाअनुसार उच्च हिमाली क्षेत्रमा हिमताल विस्फोटको जोखिम बढेको छ भने तराई तथा तल्लो भेगमा बाढी, पहिरो, डुबान, भूक्षय र आकस्मिक बाढीका घटना बढ्न सक्ने सम्भावना औँल्याइएको छ। दैनिक तापक्रम वृद्धि र तातो हावाको लहरका कारण विशेष गरी दक्षिणी तराई क्षेत्र बढी प्रभावित हुन सक्ने जनाइएको छ।

प्रतिवेदनमा मनसुन अवधिमा देशभर करिब चार लाख ५७ हजार १४५ घरधुरीका १९ लाख ९७ हजार ७३१ जना प्रभावित हुन सक्ने अनुमान गरिएको छ। प्रभावितमध्ये ५२ प्रतिशत महिला र ४८ प्रतिशत पुरुष हुनसक्ने जनाइएको। जोखिममा रहेका जनसङ्ख्यामध्ये पाँच वर्षमुनिका बालबालिका करिब एक लाख ६४ हजार, ६० वर्षमाथिका ज्येष्ठ नागरिक चार लाख १५ हजारभन्दा बढी तथा अपाङ्गता भएका व्यक्ति करिब ४८ हजार रहेको उल्लेख छ। प्रजनन उमेर समूहका महिलाको सङ्ख्या उल्लेख्य रहेको प्रतिवेदनमा जनाइएको छ। प्रदेशगत विश्लेषणअनुसार कोशी, मधेस लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही जिल्लामा मनसुनजन्य विपद्‌को जोखिम तुलनात्मक रूपमा बढी देखिएको छ। विपद् पूर्वतयारी तथा उद्धार व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रदेश र स्थानीय तहलाई जोखिम विश्लेषणका आधारमा तयारी गर्न आग्रह गरिएको छ।

प्राधिकरणका उप सचिव रामबहादुर केसीले मनसुनजन्य विपद्‌बाट हुने क्षति न्यूनीकरणका लागि पूर्वसूचना प्रणाली, सुरक्षित स्थानको पहिचान, राहत सामग्री तयारी तथा उद्धार संयन्त्रलाई चुस्त बनाउन सम्बन्धित निकायलाई निर्देशन दिएको जानकारी दिनुभएको छ। जल तथा मौसम विज्ञान विभागले मनसुन अवधिमा नेपालमा सरदरभन्दा कम वर्षा हुने र तापक्रम बढ्ने प्रक्षेपण गरेको छ। विभागका अनुसार यसवर्ष कर्णाली प्रदेशका दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशका अधिकांश क्षेत्र, मधेस प्रदेशका पूर्वी भू-भाग तथा कोशी प्रदेशका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत छ।

सुदूरपश्चिम प्रदेशका अधिकांश भू-भाग, मधेश प्रदेशका पश्चिमी भू-भाग तथा कोशी प्रदेशका मध्य भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको विभागले जनाएको छ। कर्णाली र कोशी प्रदेशका उत्तरी भू-भागमा भने सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको बताइएको छ। बाँकी अधिकांश क्षेत्रमा सरदरभन्दा कम वर्षाको सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागको आकलन छ।

अधिकतम तापक्रमतर्फ सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी, बागमती, मधेश र कोशी प्रदेशका विभिन्न भू-भागमा सरदरभन्दा बढी रहने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको विभागले जनाएको छ। त्यस्तै, न्यूनतम तापक्रम देशभर सरदरभन्दा बढी रहने सम्भावना रहेको विभागको निष्कर्ष छ। विशेषगरी सुदूरपश्चिम, कर्णाली, बागमती, मधेश र कोशी प्रदेशका केही क्षेत्रमा न्यूनतम तापक्रम सरदरभन्दा बढी रहने सम्भावना ५५ देखि ६५ प्रतिशतसम्म रहेको बताइएको छ।

# नीति तथा कार्यक्रममा रास्वपाको घोषणापत्र झल्कियो, शासकीय सुधार एजेन्डा मुख्य आधार

**अञ्जना लामिछाने**

काठमाडौँ, २८ वैशाख। सरकारले सोमबार सार्वजनिक गरेको नीति तथा कार्यक्रमका अधिकांश बुँदाहरू राष्ट्रिय स्वतन्त्र पार्टीका वाचापत्र र शासकीय सुधारका कार्यसूचीमा आधारित रहेका छन्। राष्ट्रपति रामचन्द्र पौडेलले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रमहरूमा समाविष्ट संविधान संशोधन, प्रशासनिक सुधार, निर्वाचन प्रणाली, भ्रष्टाचार नियन्त्रणलगायतका थुप्रै बुँदाहरू यसअघि चुनावी वाचापत्र र शासकीय सुधार कार्यसूचीमा राखिएकैबाट सापट लिइएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो चुनावी वाचापत्रमा सरकार सम्हालेको तीन महिनाभित्रमा संविधान संशोधनको बहसपत्र तयार पार्ने उल्लेख गरेको थियो। यसपछि गठित रास्वपा सरकारको मन्त्रिपरिषद्‌को पहिलो बैठकले शासकीय सुधारसम्बन्धी एक सय बुँदे कार्यसूची सार्वजनिक गर्‍यो, जहाँ सात दिनभित्र कार्यदल गठन गरी बहस प्रक्रिया अघि बढाइने किटान गरियो। सोमबार संसदमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा पनि संविधान संशोधनको साझा विषय पहिचान गरिने र बहसपत्र तयार पारिने भनिएको छ। अहिले पेचिलो बनेको सुकुम्वासी समस्याबारे पनि नीति कार्यक्रम बोलेको छ।

भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीहरूको समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्न सुरक्षित र उचित बसोवासको व्यवस्थापन गरिने नीति लिइएको छ। यस्तै वास्तविक भूमिहीन पहिचान गरी स्थायी आवास र जग्गाको स्वामित्व सुनिश्चित गरिने उल्लेख छ। सरकारले छरिएका र जोखिमयुक्त बस्तीहरू व्यवस्थित गर्न एकीकृत परियोजना लागू गर्ने पनि बताएको छ। यस्तै भूमि बैंक प्रणालीमार्फत भूमिहीन र सीमान्तकृत किसानहरूको पहुँच सुनिश्चित गरिने बताएको छ। यसअघि रास्वपाको वाचापत्रमा पनि सक्कली सुकुम्वासी छुट्याउने र शासकीय सुधार कार्यसूचीमा लगत संकलन र प्रमाणीकरण सम्पन्न गर्ने भनिएको थियो।

यसलाई थप विस्तार गर्दै सरकारले नीति तथा कार्यक्रम ल्याएको छ। नीति तथा कार्यक्रमले प्रशासनिक पुनर्संरचनातर्फ पनि उल्लेख्य बुँदा समेटेको छ। निजामती सेवालाई निष्पक्ष र व्यावसायिक बनाउन ट्रेड युनियनहरूको खारेजीलाई नीतिमार्फतै सम्बोधन गरिएको छ। यो विषय वाचापत्र र एक सय बुँदे कार्यसूचीमा पनि थियो। साथै विवादित भए पनि सरकारले निकै महत्त्वका साथ पैरवी गरेको विषय हो यो। यद्यपि, सोमबार मात्रै ट्रेड युनियनलाई प्रतिबन्ध नलगाउन सर्वोच्चको संवैधानिक इजलासले अन्तरिम आदेश जारी गरेको छ।

अन्तर्राष्ट्रिय सम्बन्धतर्फ वाचापत्र र एक सय बुँदे कार्यसूचीमा बफर स्टेटबाट भाइब्रेन्ट ब्रिज बनाउने भनिएकामा यसलाई सरकारले सच्याएको देखिएको छ। नीति तथा कार्यक्रममा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय हितलाई केन्द्रमा राख्दै संयुक्त राष्ट्रसंघको वडापत्र, असंलग्न नीति र पञ्चशीलमा आधारित सन्तुलित कूटनीति अवलम्बन गरिने भनिएको छ। यस्तै वाचापत्रमा उठाइएको आर्थिक कूटनीतिको विषयलाई नीतिमार्फतै अघि बढाइएको छ। केही दिनअघि बल्झिएको लिपुलेक सीमा विवादलाई कूटनीतिक संवादमार्फत समाधानका लागि पहल गर्ने भनिएको छ। रास्वपा सरकारले महत्त्वका साथ उठाएको विषय हो- सहकारी वचतकर्ताको रकम फिर्ता।

जसका लागि नीति तथा कार्यक्रममा एकीकृत निक्षेपकर्ता संरक्षण कोष स्थापना गरिने र कर्जा असुली प्रक्रिया तीव्र बनाइने भनिएको छ। यो विषय वाचापत्र र एक सय बुँदामा पनि उल्लेख छन्। यस्तै संक्रमणकालीन न्यायका प्रक्रियालाई यथाशीघ्र निष्कर्षमा पुऱ्याइने, जेन-जी आन्दोलनका क्रममा क्षति भएका भौतिक संरचनाहरूको पुनःनिर्माणलाई प्राथमिकता दिने तथा भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलता अपनाउनेलगायत विषयले पनि नीति कार्यक्रममा स्थान पाएका छन्। सरकारले २०८२ चैत १३ मा सार्वजनिक गरेको शासकीय सुधार कार्यसूचीमा सबै राजनीतिक दलका घोषणापत्रहरूमा समावेश कार्यान्वयनयोग्य विषयहरूको संश्लेषण गरी राष्ट्रिय प्रतिबद्धता तयार पार्ने भनेको थियो। साथै उक्त प्रतिबद्धतालाई नीति तथा कार्यक्रम एवं बजेटमा आबद्ध गर्ने उल्लेख गरेको थियो।

यद्यपि, नीति तथा कार्यक्रममा समावेश बुँदाहरू र योजनाहरू धेरैजसो रास्वपाको आफ्नै घोषणापत्रमा आधारित छ।

# एकसाथ आइसिटी सिक्दै क्याम्पसका गुरु र चेला

**धीरेन्द्रप्रसाद साह**

राजविराज, २८ वैशाख। डिजिटल प्रविधिको बढ्दो प्रयोगसँगै शैक्षिक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि (आइसिटी) को आवश्यकता तीव्र बन्दै गइरहेका बेला सप्तरीको महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसमा सञ्चालन गरिएको पाँच दिने आइसिटी तालिम सम्पन्न भएको छ। क्याम्पसको रिसर्च म्यानेजमेन्ट सेल (आरएमसी)को आयोजनामा तथा युनिभर्सिटी ग्रान्ट्स कमिसनको सहयोगमा सञ्चालन गरिएको तालिमले सहभागी क्याम्पसका शिक्षक तथा विद्यार्थीलाई आधुनिक प्रविधिसँग जोड्ने प्रयास गरेको आयोजकले जनाएको छ।

पाँच दिनसम्म सञ्चालन गरिएको तालिममा क्याम्पसका १५ जना प्राध्यापक तथा विज्ञान, शिक्षा र व्यवस्थापन सङ्कायका स्नातक तह अन्तिम वर्षका ३५ जना विद्यार्थी गरी ५० जनाको सहभागिता रहेको प्राध्यापक रणधीर कर्णले जानकारी दिनुभयो। तालिममा सहभागीहरूलाई कृत्रिम बुद्धिमत्ता (एआई), गुगल टुल्स, गुगल सिट, डक्स, मिट, क्लासरुम, क्यालेन्डर, वेबसाइट सञ्चालन, रिसर्च कार्य, गुगलमा आर्टिकल प्रकाशन, साइबर सुरक्षा, थेसिस लेखन सामग्री तयारी तथा प्रस्तावना लेखन लगायतका विषयमा व्यवहारिक प्रशिक्षण प्रदान गरिएको थियो।

तालिममा प्रशिक्षक प्राडा. रामप्रसाद खतिवडा र डा. विजयलाल प्रधानले अहिलेको समयमा अध्ययन र अनुसन्धानलाई प्रविधिमैत्री बनाउन आइसिटी ज्ञान अपरिहार्य भइसकेको धारणा राख्नुभयो। उहाँहरूले प्रविधिको सही प्रयोगले विद्यार्थीको अध्ययन शैली, अनुसन्धान क्षमता तथा अध्यापन प्रणालीलाई प्रभावकारी बनाउन सकिने बताउनुभयो। समापन कार्यक्रममा बोल्दै क्याम्पस प्रमुख सुशीलकुमार कर्णले तालिमबाट प्राप्त ज्ञानलाई प्रमाणपत्रमा सीमित नराखी व्यवहारमा उतार्न आग्रह गर्नुभयो।

उहाँले सिकेका क्षमता, दक्षता र योग्यताको परीक्षण अहिले समाज र शैक्षिक क्षेत्रमै भइरहेको उल्लेख गर्दै अनुसन्धान, अध्यापन तथा दैनिक जीवनमा समेत प्रविधिको प्रयोग बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले परम्परागत शिक्षण पद्धतिलाई समयअनुसार रूपान्तरण गर्न नसके शैक्षिक संस्था पछाडि पर्ने खतरा रहेको बताउँदै शिक्षक र विद्यार्थी दुवै प्रविधिसँग अभ्यस्त हुन आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो। "अबको शिक्षा प्रणाली किताबमा सीमित छैन, डिजिटल माध्यममार्फत विश्वसँग जोडिने समय आएको छ," उहाँले भन्नुभयो।

आइतबार आयोजित समापन कार्यक्रममा प्राध्यापकहरू यसबन्त झा, रितनारायण साह, उमेश यादव, रामसफल यादव, अनिलकुमार मण्डल लगायतले तालिमले शैक्षिक तथा व्यावहारिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गर्नुभयो। वक्ताले अनुसन्धानमुखी शिक्षा, डिजिटल सामग्री निर्माण तथा साइबर सुरक्षासम्बन्धी ज्ञान अहिलेको आवश्यकता भएको उल्लेख गरेका थिए। सहभागी विद्यार्थीले पनि तालिमबाट आफूहरूलाई अध्ययन, प्रस्तुतीकरण, अनुसन्धान तथा भविष्यको पेसागत जीवनमा उपयोगी हुने व्यावहारिक ज्ञान प्राप्त भएको प्रतिक्रिया दिएका छन्।

विशेषगरी एआई तथा गुगलका विभिन्न डिजिटल प्लेटफर्मको प्रयोगले अध्ययनलाई सहज र व्यवस्थित बनाउन सहयोग पुगेको उनीहरूको भनाइ थियो। क्याम्पसले आगामी दिनमा पनि यस्ता प्रविधिमैत्री तथा अनुसन्धानमुखी तालिमलाई निरन्तरता दिने जनाएको छ।

# सडक खाली गराउने भन्दै वडाध्यक्षले स्थानीयलाई रुखमा बाँधे

सडक अतिक्रमण हटाउने क्रममा वडाध्यक्ष यादवले स्थानीय वीरेन्द्र साहको हात रुखमा बाँधेर अमानवीय व्यवहार गरेको भिडियो सार्वजनिक भएको छ।





सिरहा, २८ वैशाख। सिरहाको औरही नगरपालिका–३ का वडाध्यक्ष जीवछ यादवले निजी जग्गामा बनेको सडक अतिक्रमणमुक्त गराउने नाममा एक स्थानीय नागरिकलाई रुखमा बाँधेर अमानवीय व्यवहार गरेका छन्।

सडक अतिक्रमण हटाउने क्रममा वडाध्यक्ष यादवले स्थानीय वीरेन्द्र साहको हात रुखमा बाँधेर अमानवीय व्यवहार गरेको भिडियो सार्वजनिक भएको छ। घटना सोमबार (सोमबार) बिहानको हो। भिडियोमा वडाध्यक्ष यादवसमेत देखिन्छन्, जहाँ वीरेन्द्र साहको हात गम्छाले बाँधिएको अवस्थामा देखिन्छ। वडाध्यक्षले साहलाई हप्काइरहेका छन्।

स्थानीय रामएकवाल यादवका अनुसार पिपरा टोलमा एक वर्षअघि कृषि सडक निर्माण गरिएको थियो। सो क्रममा एक ठाउँमा वीरेन्द्र साहको जग्गा एकतर्फी रूपमा लिइएको थियो। सोही सडक अतिक्रमण भएको भन्दै सोमबार वडाध्यक्षसहितको टोली खाली गराउन आएको थियो। आफ्नो मात्रै जग्गा कब्जा गरेर सडक बनाउन खोजिएको भन्दै साहले विरोध गरेका थिए। त्यसपछि वडाध्यक्ष यादवले उनको हात रुखमा बाँधी सडक खाली गराएको रामएकवाल यादवले बताए।

‘कृषि सडक निर्माण भइसकेको छ। सबैतिर आधाआधा जग्गा लिनुपर्ने हो। तर दुवैतर्फबाट वीरेन्द्र साहकै जग्गा लिएर सडक बनाइएको छ,’ रामएकवालले भने, ‘खाली गराउन जाँदा रोक्न खोजेपछि वीरेन्द्रको मोबाइल खोसियो र हात रुखमा बाँधी सडक खाली गरियो। यो त वडाध्यक्षको दादागिरी हो।’

यता, वडाध्यक्ष यादवले भने साहले सडक अतिक्रमण गरेको र खाली गराउन जाँदा लाठी लिएर कुटपिट गर्न खोजेपछि स्थानीय युवाको सहयोगमा उनको हात बाँधिएको बताएका छन्। ‘गत वर्ष नै बाटो बनाइएको थियो। सोमबार खाली गराउन जाँदा वीरेन्द्र लाठी लिएर निस्किए। कुटपिट गर्लान् भनेर युवाहरूले नै उनको हात बाँधेका हुन्,’ उनले भने।

स्थानीय युवा नेता सन्तोष यादवले वडाध्यक्षले निजी जग्गामा जबर्जस्ती सडक निर्माण गर्न खोज्दै नागरिकलाई रुखमा बाँध्नु अमानवीय हर्कत भएको भन्दै कारबाहीको माग गरेका छन्। ‘औरही गाउँपालिका–३ का वडाध्यक्ष जीवछ यादवले जनतालाई रुखमा बाँधेर जबर्जस्ती निजी जग्गामा सडक निर्माण गरेकोप्रति गम्भीर ध्यानाकर्षण भएको छ,’ उनले सामाजिक सञ्जालमा भिडियो पोस्ट गर्दै लेखेका छन्, ‘विकास मानिसका लागि गरिन्छ, मानिसलाई नै बन्धक बनाएर गरिएको यो कस्तो विकास हो ? यस्तो अमानवीय हर्कत शक्तिको दुरुपयोग हो। हामी लोकतन्त्रमा छौँ कि जङ्गबहादुरको शासनमा ? यस्तो अमानवीय हर्कत गर्ने वडाध्यक्षलाई तुरुन्त कारबाही गरियोस्।’

# डाइभर्सन बगाएर हैरान सवारी आवागमन प्रभावित

**जनार्जन खत्री**

सर्लाही, २८ वैशाख। बेमौसमी वर्षाले विस्तारका क्रममा रहेको महेन्द्र राजमार्गमा बारम्बार डाइभर्सन बगाउँदा यात्रु र निर्माण व्यवसायी दुवैले सास्ती पाएका छन्। सर्लाही, महोत्तरी र धनुषा खण्डको पूर्वपश्चिम राजमार्ग चार लेनको बनाउने काम जारी छ। दर्जनौँ ठाउँमा कलभर्ट र पुल निर्माण भइरहेका छन्। काम भइरहेको ठाउँमा डाइभर्सन बनाएर सवारी सञ्चालनको व्यवस्था मिलाइएको छ।

कमला–ढल्केबर–पथलैया सडक योजना (पूर्वी खण्ड) का योजना प्रमुख एवं सिनियर डिभिजनल इन्जिनियर राजेशप्रसाद दासले फटाफट काम गर्नुपर्ने समयमा कहाँको डाइभर्सन बगाउने हो भन्ने चिन्तामा बस्नु परेको बताउनुभयो। सोच्दै नसोचेको समयमा निरन्तर वर्षा भएर डाइभर्सन बगाइरहँदा पुल र कलभर्ट निर्माण कार्यमै प्रभाव पारेको योजना प्रमुख दासको भनाइ छ। उहाँका अनुसार मुख्य गरी महोत्तरी खण्डको टुटेश्वर र बेलगाछी क्षेत्रमा पटक पटक डाइभर्सन बगाएर हैरानी भइरहेको छ। बाढी आएको समयमा यात्रु घन्टौँ जाममा पर्ने गरेका छन्।

बाढीमै हेलिएर चलाइने सवारीसाधन बगाउने जोखिमसमेत रहेको छ। आफू शुक्रबार बर्दीबासतर्फबाट आउँदा महोत्तरी खण्डको जङ्गलमा डाइभर्सनबाट कट्नै नसक्ने गरी बाढी आउँदा बाढी कम नहुन्जेल कुरेर बस्नु परेको लालबन्दी नगरपालिका–७ का सुरज थापाले बताउनुभयो। बाढी आउँदा विशेष गरी मोटरसाइकल, ट्याम्पो, कारलगायत सवारी जाममा पर्ने गरेका छन्। विस्तार भइरहेका सडकको दर्जनौँ स्थानमा डाइभर्सनबाट हिँड्नु पर्दा त्यसै पनि समय बढी लागिरहेको अवस्थामा बाढी आएर जाममा बस्नु पर्दा थप समय लागेको यात्रुको भनाइ छ। योजना प्रमुख दासले बारम्बार पानी परेर बाढी आइरहँदा महोत्तरी खण्डको जङ्गलमा निर्माण व्यवसायीले बगाएको डाइभर्सन बनाइहाल्न कामदार र मेसिन ‘स्ट्यान्डबाई’ राख्नु परेको बताउनुभयो। यसअघि चैत २६ गते बिहान सर्लाहीको हरिवनस्थित चापिनीखोलामा डाइभर्सन बगाउँदा पाँच घण्टाभन्दा बढी पूर्वपश्चिम राजमार्ग अवरुद्ध बनेको थियो। अहिले बर्दीबासदेखि सर्लाहीसम्म पाँच वटा पुल भत्काएर काम भएकाले बर्खाअघि अर्थात् जेठ १५ सम्म सक्ने गरी रातदिन नभनी काम गरिरहेको कमला–ढल्केबर–पथलैया सडक योजना (पूर्वी खण्ड) ले जनाएको छ।

# उठिबासको विरोधमा लालपूर्जा माँगदै सिरहाका सुकुम्बासी सडकमा



सिरहा, २८ बैशाख। सिरहाका भुमिहिन सुकुम्वासीहरुले सकारले सुकुम्वासीको घरभत्काएको विरोधमा प्रदर्शन गरेका छन्। बसोवास सुनिश्चितताको माँगगर्दै यहाँका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अवेवस्थित बसोवासीहरुले धनगढीमाई बजारमा जुलुस प्रदर्शन गरेका हुन्।

प्रदर्शनमा जिल्लाका विभिन्न क्षेत्रबाट सुकुम्वासीहरु भेला भएका थिए। प्रदर्शनमा सुकुम्वासीहरुले गरिवको घर ढलाउँछौं, सरकार कसरी चलाउँछौं, बलपूर्वक उठिवास तुरुन्त बन्दगर, भूमि र आवास अधिकार सुनिश्चित गर, जीवन र जीविकाको अधिकार कायम गरलगायतका नारा लेखिएका प्लेकार्ड बोकेर नारा जुलुस गरेका थिए।

भूमि अधिकार मञ्च सिरहाका अध्यक्ष समस्ती लाल आलेले भूमिहीन सुकुम्बासीलाई जबर्जस्ती हटाउने कार्य भइरहेकाले आफूहरू सरकारलाई सचेत गाराउन सडकमा उत्रिन बाध्य भएको बताए। उनले सुकुम्बासी बस्तीमा डोजर नचलाउन आग्रह गर्दै बसोबास गरिरहेको जग्गाकै लालपुर्जा वितरण गर्न सरकारसँग माग गर।

सुकुम्बासी व्यवस्थापनका लागि सरकारले लिएको नीति सकारात्मक भएपनि व्यवहारमा त्यस्तो नदेखिएको उनको कथन रहेको छ। सरकाले घोषणागरेको सय बुँदे प्रतिबद्धता पत्रको ९१ नम्वरमा भूमिहीन तथा अव्यवस्थित बसोवासीको समस्या समाधानका लागि ६० दिनभित्र लगात संकलन, प्रविष्टिकरण र प्रमाणिकरण कार्य सम्पन्न गर्ने भनिएको छ। तर सरकाले भूमिहिन व्यवस्थापन नगरी घरमा डोजर चलाउनु उचित नभएको अध्यक्ष आलेले बताए। उनले बसेकै जग्गाको लालपुर्जा उपलब्ध गराउन सरकारसँग आग्रह गरे।

प्रदर्शनमा सहभागी मिर्चैया नगरपालिका ६ का भूमिहिन सुकुम्वासी भिमबहादुर दमाइले आफूहरु सुकुम्वासी भएको बताउँदै सरकारले गाँस बासको ग्यारेन्टी गर्नुपर्ने बताए।

भूमि समस्या समाधान आयोगको आर्थिक वर्ष २०८१/०८२को तथ्याङ्क अनुसार सिरहामा भूमिहिन दलित तीन हजार ८१५, भूमिहिन सुकुम्वासी दुई हजार ६६३ र अव्यवस्थित बसोवासी तीन हजार ३७४सहित जम्मा नौं हजार ८५२ घरपरिवार रहेका छन्।

# विवाह भोजकै बेला विनाश : सप्तरी आगलागीमा २१ घर जले, पीडित बेघर

**आरएन विश्वास**

सप्तरी, २८ वैशाख। सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका–६ बभनगामामा शनिबार राति भएको भीषण आगलागीमा १० परिवारका २१ वटा घर जलेर खरानी भएका छन्। आगलागीबाट सर्वस्व गुमाएका पीडित परिवार अहिले खुला आकाशमुनि बस्न बाध्य छन्। शनिबार राति बभनगामामा आगलागी भएको हो। स्थानीयहरु छिमेकीको घरमा भइरहेको विवाह भोजमा सहभागी भएका बेला अचानक विद्युत् सर्ट भएर आगलागी भएको बताइएको छ।

आगोले स्थानीय १० परिवारका २१ वटा घर पूर्णरूपमा जलेपछि करिब ५० लाख रूपैयाँ बराबरको क्षति भएको गाउँपालिकाले जनाएको छ। आगलागीमा घरसहित नगदसमेत जलेर नष्ट भएको छ। बन्धक रहेको जग्गा छुटाउन श्रीमानले मलेसियाबाट पठाएको २ लाख रुपैयाँसमेत आगोमा जलेर खरानी भएको भन्दै स्थानीय अग्निपीडित पिंकीदेवी यादवले दुःख व्यक्त गर्नुभयो।

पिंकीदेवी र रामा यादवजस्तै पीडा बभनगामाका सबै १० अग्निपीडित परिवारको छ। आगलागीले घर, अन्नपात, लत्ताकपडा र जीवनभरको कमाइ खरानी बनाएपछि उनीहरू अहिले खुला



आकाशमुनि रात काट्न बाध्य छन्। अब जलेर खरानी भएको घर कसरी पुनः निर्माण गर्ने र परिवारको गुजारा कसरी चलाउने भन्ने चिन्ताले पीडित परिवारहरूलाई झन् पिरोलिरहेको छ।

यता तिलाठी कोइलाडी गाउँपालिका अध्यक्ष अरुण मण्डलका अनुसार पालिकाले तत्काल राहतस्वरूप अग्निपीडित परिवारलाई मुरही, च्यूरा, भुजिया, चामल, तेल, दाल र नुनलगायतका खाद्य सामग्री वितरण गरेको छ भने खुला आकाशमुनि बस्न बाध्य पीडितका लागि त्रिपालको समेत व्यवस्था गरिएको छ।

तर, पीडितका लागी भने यति मात्रै पर्याप्त देखिएको छैन। घर, अन्नपात र जीवनभरको आधार गुमाएका पीडितहरू अझै असुरक्षित अवस्थामा रात कटाउन बाध्य छन्। त्यसैले तत्काल राहतसँगै सुरक्षित आवास निर्माण, खाद्यान्न व्यवस्थापन र दीर्घकालीन पुनःस्थापनातर्फ तीनै तहका सरकारको ध्यान पुग्न आवश्यक छ।

सानो आगो भनी बेवास्ता नगर,
क्षणमै हुन सक्छ खरानी ठुलो घर
ध्यान दिऔं, सजग रहौं,
आगलागीबाट जीवन सुरक्षित बनाऔं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)